# कोभिड संक्रमण पुष्टि

**दोलखा, (नेस)**

जिरी नगरपालिका-९ मा एक जना महिला शिक्षकलाई कोभिड-१९ संक्रमण पुष्टि भएको छ।

केही दिनअघि काठमाडौं पुगेर फर्किएको उनलाई रुघा, खोकी, ज्वरो, जिउ दुख्ने लगायतका समस्या देखिए पछि स्वाब परिक्षण गर्दा कोभिड- १९ संक्रमण पुष्टि भएको जिरी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख बरिष्ठ जनस्वास्थ्य अधिकृत केशव दहालले बताउनुभयो।

वडा नम्बर ९ ठूलोपातलको एक विद्यालयमा भदौ २७ गते सुरूमा दुई जना शिक्षकलाई रुघा, खोकी, ज्वरो जस्ता समस्या देखिएको र त्यो समस्या विद्यार्थी तथा अभिभावकहरूमा समेत देखिएपछि असोज ४ गतेबाट उक्त विद्यालय बन्द गरिएको थियो।

ठूलोपातलमा इन्फ्लुएन्जा देखिएको जानकारी आएपछि जिरी नगरपालिकाबाट डक्टरसहितको टोली पुगेर शिक्षक, विद्यार्थी र अभिभावक सहित ७ जनाको स्वाब परीक्षण गर्दा एक जना महिला शिक्षकमा कोभिड-१९ संक्रमण पुष्टि भएको नगरपालिकाको जनस्वास्थ्य अधिकृत सुस्मिता रिमालले बताउनुभएको छ।

७ जनाको स्वाब परिक्षण गरिएकोमा ५ जनामा भने इन्फ्लुएन्जा देखिएको थियो।

कोभिड- १९ संक्रमण पुष्टि भएको महिला शिक्षकमा अहिले कुनै लक्षण नदेखिएको र उनी पूर्णरूपमा स्वस्थ रहेको जनस्वास्थ्य उहाँको भनाइ छ।

रिज लाइन इनर्जी लिमिटेड
**Ridge Line Energy Ltd.**
**Head Office: Lalitpur-01, Kupondole**
**Phone: 01-5900114, Website : www.ridgeline.com.np**
**E-mail: info@ridgeline.com.np**

**CALL FOR SEALED QUOTATIONS**

**First Date of Publication: 2083-02-28 (11th June 2026)**
**Re-Publication Date: 2083-06-14 (30th September 2026)**

Ridge Line Energy Limited invites sealed quotations from eligible and experienced consulting firms for providing the consultancy services for the preparation of **"Detailed Project Study Report (DPR)" for development of Maiwa Khola Hydropower Project (12.504 MW)** located in Taplejung. The sealed quotations must be submitted no later than **17:00 hrs., 2083-06-22 (8th October 2026).** The relevant details can be obtained from the Head Office of Ridge Line Energy Limited.

**Note:** The applications/quotations and supporting documents previously submitted by the consulting firms shall remain valid and shall be considered for this re-notice.

*Ridge Line Energy Limited reserves the right to accept or reject any or all RFP* / Quotations *in part or full without assigning any reason(s) whatsoever.*

# बालबालिकामा श्वास-प्रश्वास समस्या

गीताञ्जली अधिकारी, चितवन

पाँच वर्षमुनिका बालबालिकामा शीघ्र श्वास-प्रश्वास संक्रमणको समस्या बढ्दै गएको छ। जनस्वास्थ्य कार्यालय चितवनका अनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा पाँच वर्षमुनिका बालबालिकामा यस्तो समस्या देखिने दर बढेको हो।

आर्थिक वर्ष २०८२/८३ मा प्रतिहजार पाँच वर्षमुनिका बालबालिकामध्ये ४ सय ३१ जनामा शीघ्र श्वास-प्रश्वास संक्रमणको समस्या देखिएको जनस्वास्थ्य निरीक्षक चन्द्रबहादुर हमालले बताउनुभयो। आर्थिक वर्ष २०८१/८२ मा यस्तो दर प्रतिहजार ३ 'उ ९६ जना थियो। पछिल्ला वर्षमा बालबालिकामा श्वास-प्रश्वाससम्बन्धी समस्या बढ्दै गएको भन्दै उहाँले अभिभावकलाई बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गर्न'भएको छ।

चितवनमा अहिले पाँच वर्षमुनिका बालबालिकाको संख्या ४५ हजार ६ सय ८ रहेको छ। विशेष गरी, आर्थिक अवस्था कमजोर भएका तथा ग्रामीण क्षेत्रका बालबालिकामा श्वास-प्रश्वाससम्बन्धी समस्या बढी देखिने गरेको छ। इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका र माडी नगरपालिकाका पाँच वर्षमुनिका बालबालिकामा यस्तो संक्रमणको दर बढ्दो क्रममा रहेको हमालले बताउनुभयो।

ग्रामीण क्षेत्रका बालबालिकामा समयमै स्वास्थ्य परीक्षण र उपचारको पहुँच नहुँदा सामान्य देखिने श्वास-प्रश्वाससम्बन्धी समस्या जटिल बन्न सक्ने उहाँको भनाइ छ। स्वास्थ्यकर्मीका अनुसार उमेरअनुसार बालबालिकाको श्वास-प्रश्वासको गति फरक हुन्छ। एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकामा प्रतिमिनेट ४० पटकभन्दा बढी, दुई महिनादेखि एक वर्षसम्मका बालबालिकामा ५० पटकभन्दा बढी र दुई महिनाभन्दा कम उमेरका शिशुमा प्रतिमिनेट ६० पटकभन्दा बढी श्वास-प्रश्वास भए शीघ्र श्वास-प्रश्वासको समस्या भएको मानिन्छ।

श्वास-प्रश्वासमा समस्या भएका बालबालिकामा रुघाखोकी लाग्ने, छिटोछिटो श्वास फेर्ने, निमोनिया हुने, कोखा हान्नेजस्तो हुने, खाना खान मन नगर्ने तथा अस्वस्थ देखिनेजस्ता लक्षण देखिन सक्छन्। यस्ता लक्षण देखिएमा सामान्य रुघाखोकी भनेर घरमै राख्नुभन्दा तत्काल नजिकको स्वास्थ्य संस्थामा लगेर स्वास्थ्य परीक्षण गराउनुपर्ने भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा. किरण देवकोटा बताउनुहुन्छ। बालबालिकामा निमोनिया, श्वासनलीमा समस्या तथा अन्य संक्रमणका कारण श्वास-प्रश्वासको गति बढ्न सक्छ।

मौसमी षलुका कारण पनि बालबालिकामा श्वास-प्रश्वाससम्बन्धी समस्या देखिने गरेको उहाँको भनाइ छ। बालबालिकालाई चिसो, धुवाँ र धुलोबाट जोगाउने, घर तथा वरपरको वातावरण सफा राख्ने, श्वास-प्रश्वाससम्बन्धी लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्था लैजाने गर्न सके जटिलता कम गर्न सकिने स्वास्थ्यकर्मीले बताएका छन्।

# वर्षाले विभिन्न क्षेत्रमा क्षति

**बैतडी, (नेस)**

लगातारको वर्षाका कारण बैतडीमा एउटा विद्यालय भवनमा क्षति पुगेको छ भने ६ वटा घर पहिरोको उच्च जोखिममा परेका छन्। जिल्लाका विभिन्न ग्रामीण सडकमा पहिरो खस्दा यातायातसमेत प्रभावित भएको छ।

हालसम्म मानवीय क्षतिको विवरण भने प्राप्त नभएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। मेलौली नगरपालिका-९ स्थित विशालपुर माध्यमिक विद्यालयको खेलमैदानको पर्खाल भत्किँदा विद्यालय भवनमा क्षति पुगेको छ। विद्यालय भवनमाथि रहेको खेलमैदानको पर्खाल वर्षाका कारण भत्किएपछि तीन वटा कक्षाकोठा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने अर्को एउटा कक्षाकोठामा आंशिक क्षति पुगेको विद्यालयले जनाएको छ।

यस्तै, दशरथचन्द नगरपालिका-४ बबेतमा गाउँमाथिबाट खसेको पहिरोले पार्वती ओडको कच्ची घरमा क्षति पुर्‍याएको छ। सोही ठाउँका महेशराम ओड, नरेशराम ओड, लछीराम ओड, जगदीश ओड र दमन ओडको घर पहिरोको उच्च जोखिममा रहेको प्रहरीले जनाएको छ। यसै गरी, सुर्नया गाउँपालिका-८ ढलेमा बाढीको जोखिम बढेको स्थानीयवासीले बताएका छन्। लगातार पानी परिरहेका कारण खोला तथा आसपासका बस्तीमा जोखिम बढेको स्थानीय मानबहादुर बोहराले बताउनुभयो।

वर्षाका कारण जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएका छन्। ठाउँ-ठाउँमा पहिरो खसेपछि स्थानीयवासीले तत्कालका लागि पहिरो हटाएर सडक तथा बाटो सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छन्। ग्रामीण क्षेत्रमा घर, मन्दिर तथा सडक आसपास पहिरो खसेका सुर्नया गाउँपालिका-४ का स्थानीय हरिस भाटले बताउनुभयो। निरन्तरको वर्षाका कारण ग्रामीण क्षेत्रमा आवत-जावतमा समस्या भइरहेको उहाँको कथन छ।

तीन दिनदेखि भइरहेको वर्षा र हुरीका कारण जनजीवनसमेत प्रभावित बनेको पाटन नगरपालिका-४ का स्थानीय मदनसिंह ऐरीले पनि बताउनुभएको छ।

# उदयपुर-भोजपुर जोड्ने सुनकोशीको पुल अलपत्र

माधव पोखरेल, उदयपुर

उदयपुरको भौदण्डीगढी नगरपालिका-१ रानीटारबाट भोजपुरको आमचोक गाउँपालिका-५ जोड्ने मोटरेबल पक्की पुल निर्माण शुरु गरेको १० वर्ष भए पनि आधा काम सकेर अलपत्र अवस्थामा छाडिएको छ।



चौदण्डीगढी नगरपालिका र भोजपुरको आमचोक गाउँपालिका जोड्न रानीटारमा २०७४ सालमा निर्माण सुरु गरिएको थियो। पुल नबन्दा चौदण्डीगढी नगरपालिका-१ र आमचोक गाउँपालिका-५ जोड्ने सडक वर्षायाममा यातायातबाट सम्बन्धविच्छेद हुने गरेको छ। हिउँदमा पनि सवारीसाधन र सामान नदी पार गराउन फेरीको भर पर्न'पर्छ।

वर्षाको समयमा झोलुंगे पुलबाट भरियालाई बोकाएर चामल, खाद्यान्न, निर्माण सामग्री तथा दैनिक उपभोग्य वस्तु ढुवानी गर्न'पर्ने अवस्था छ। २२ करोड ३५ लाख रुपियाँ लागतमा निर्माण भइरहेको पुलले एक दशकसम्म पनि नदीमाथिको सडक यातायात सहज बनाउन नसक्दा उदयपुरको बेल्टार बजार हुँदै भोजपुरको आमचोकसहित दक्षिणी क्षेत्र जोड्ने सडकको उपयोग नै प्रभावित भएको हो।

सडक निर्माण भएर पनि बीचमा सुनकोशी नदी तर्न पक्की पुल नहुँदा स्थानीयले हरेक वर्ष एउटै समस्या दोहोर्‍याउनुपरेको छ। पुल निर्माण सम्पन्न भए भोजपुरका २० हजार नागरिकलाई उदयपुर हुँदै धरान, इटहरी, विराटनगर जोड्ने छोटो र सहज मार्ग खुल्ने चौदण्डीगढी-१ रानीटारका निरबहादुर राईले बताउनुभयो।

उदयपुरबाट भोजपुरतर्फ चामललगायत खाद्यान्न तथा दैनिक उपभोग्य वस्तु ढुवानी हुने र भोजपुरबाट काठलगायत सामग्री उदयपुरतर्फ ल्याउने गरिएको छ। तर, वर्षायाममा मोटरबाट सामान लैजान नसक्दा भरियालाई झोलुंगे पुलबाट बोकाएर नदी पार गराउनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। भोजपुरबाट पहाडी क्षेत्रमा उत्पादन हुने विभिन्न प्रकारका खाद्यान्न, धातुका सामान तथा काठ लगायतका वस्तु आउने गर्छन्। अहिले पुल नबन्दा सबैभन्दा मारमा बिरामी पर्ने गरेका छन्।

पुल नहुँदाको जोखिम हिउँदमा समेत देखिने गरेको छ। गत हिउँदमा सुनसरीको इटहरीबाट भोजपुरको आमचोकतर्फ जाँदै गरेको यात्रुवाहक बस फेरीबाट सुनकोशी तार्ने क्रममा नदीमा डुबेको थियो। बसमा यात्रु नभएकाले मानवीय क्षति भने हुन पाएन। यात्रुहरूलाई त्यसअघि नै झोलुंगे पुलबाट नदी पार गराइएको थियो।

'समयमै पुल नबन्दा हिउँदमा फेरी सञ्चालन गर्न'पर्छ, वर्षामा यातायात नै ठप्प हुन्छ', चौदण्डीगढी-१ का वडाध्यक्ष सीताराम राईले भन्नुभयो- 'भोजपुरका र उदयपुरका झन्डै ३० हजार नागरिकलाई उदयपुर हुँदै ठूला शहरसँग जोड्ने मुख्य नाका भएकाले पुलको आवश्यकता धेरै छ।' मोटरेबल पक्की पुल निर्माणका लागि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ०७४ भदौमा रानीटारमा शिलान्यास गर्न'भएको थियो। त्यही अवसरमा उदयपुरको त्रियुगा नगरपालिका-१४, धाप्लाङ र खोटाङको बराहपोखरी गाउँपालिका-२ जोड्ने सुनकोशी पुलको पनि शिलान्यास गरिएको थियो।

दुवै पुलको निर्माण रसुवा स्वच्छन्द पप्पु जेभी काठमाडौंले गरिरहेको पुल सेक्टर कार्यालय धरानका सूचना अधिकारी नवीनकुमार साहले बताउनुभयो। सुरुमा तयार गरिएको पुलको डिजाइन परिवर्तन गर्न'परेकाले निर्माणमा ढिलाइ भएको उहाँको भनाइ छ। रानीटार पुलको ठेक्का रकम भ्याटबाहेक २२ करोड ३५ लाख रुपियाँ रहेको छ। धाप्लाङ पुलको ठेक्का रकम भने २२ करोड ५ लाख रुपियाँ रहेको छ।

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिन्धुलीमाडी, सिन्धुली**
**वागमती प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(दोश्रो पटक प्रकाशित मितिः २०८३/०६/१४)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपसिलमा उल्लेखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यस नगर कार्यपालिका बैठकको मिति २०८३/०४/३० गतको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरूले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखि सिलबन्दी गरी सूचनामा उल्लेखित शर्तहरू तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउने परिमाण (घन मि.) | दर रु. (प्रति घन मि.) | जम्मा रकम रु. (मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी/ विड बण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | KMU/SIN/RBM/ 01/IR/083/84 | कमलाखोलाको बगर (चन्दनपुर-क) (IEE ले तोकेको क्षेत्र) | ३६५७५.५० | २४६।९६ | ९०,३२,६८५।४८ | ३,०००।०० | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| २. | KMU/SIN/RBM/ 03/IR/083/84 | जिर्घा र धमिले खोला (IEE ले तोकेको क्षेत्र) | ५२३५ | | १२,९२,८३५।६० | १,०००।०० | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ३. | KMU/SIN/RBM/ 05/IR/083/84 | ग्वाङ्खोला र गडौली खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | ७४४५ | | १८,३८,६१७।२० | १,०००।०० | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ४. | KMU/SIN/RBM/ 06/IR/083/84 | धनमाना खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | ११२१२.५० | | २७,६९,०३९।०० | ३,०००।०० | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ५. | KMU/SIN/RBM/ 07/IR/083/84 | मरिण खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | २९०४५ | | ७१,७२,९५३।२० | ३,०००।०० | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |

**ठेक्का सम्बन्धी शर्तहरूः**

(१) बोलपत्र फारमका साथ माथि तोकेको मिति, समयमा निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, नियमानुसार कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न राखी माथि उल्लिखित समयमा राजश्व उपशाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्दा तोकेको बोलपत्र दस्तुर कमलामाई नगरपालिकाको आन्तरिक राजश्व खाता नं १०६०१००३०१०१०००३ मा सुत्र सफ्टवेअर मार्फत राजश्व संकेत नं १४२४९ मा जम्मा गरी बोलपत्र फारमसाथ संलग्न गर्नुपर्नेछ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १०६०१००३०३००००३ मा जम्मा गरी सो को भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद साथ जारी गरिएको विडवण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ।

(३) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे कमलामाई नगरपालिकाको खरिद इकाई, राजस्व शाखाका प्रतिनिधि एवं ठेकेदारहरूको रोहबरमा कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिनेछ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन।

(४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

(५) म्याद नाघी, रीत नपुगी वा शर्तहरू पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

(६) बोलपत्र स्वीकृत भएमा सम्झौताका लागि कार्यालयले सूचना दिएको मितिले ७ (सात) दिन भित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ (पच्चीस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। बाँकी ७५ (पचहत्तर) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट २०८४ साल श्रावण मसान्त सम्मको म्याद सहित जारी गरिएको सर्त रहित कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै, बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सो नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर थप १३ (तेह्र) प्रतिशत रकम समेत व्यवसायीले भुक्तानी गर्नुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आवश्यक तथा अन्य कर बोलपत्रदाताले छुट्टै भुक्तानी गर्नुपर्नेछ।

(७) बोलपत्रदाताले दोस्रो किस्ता पौष मसान्त सम्ममा ४० (चालिश) प्रतिशत र बाँकी ३५ (पैंतीस प्रतिशत) जेष्ठ मसान्त सम्म भुक्तानी गर्नुपर्नेछ।

(८) उल्लेखित अनुसार ठेक्का स्वीकृत रकम एकमुष्ट कार्यालयलाई बुझाएमा कबोल अंकको ५ प्रतिशत मु.अ.कर बाहेकको रकम छुट दिईनेछ।

(९) तोकिएको म्यादभित्र पट्टा उठाउन नसकेमा धरौटी रकम वा विड बण्ड जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा खोलाहरूको उत्खनन्, क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(१०) यस ठेक्काको अवधि २०८४ जेष्ठ मसान्तसम्म कायम हुनेछ।

(**नोटः** विस्तृत जानकारीका लागि यस कार्यालयको Website:www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ।)

**प्रमुख प्रशासकीय अधिकृत**